# हेटौडा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हेटौडा, मकवापुर,

प्रदेश नं. ३

## IT Officer भर्ना सम्बन्धी हेटौडा उपमहानगरपालिकाको सुचना

**(प्रकाशित मिति : २०७४।०९।०७)**

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम(LGCDP), कार्यक्रम समन्वय इकाई,सिंहदरवार, काठमाण्डौंको प.सं. ०७४।०७५,च.नं. १२७, मिति २०७४।०७।१७ गतेको सुचना प्रविधि अधिकृतको करार सेवा सम्बन्धमा पत्रानुसार यस उपमहानगरपालिकाको लागि देहाय बमोजिमको शर्तहरूको अधिनमा रही सुचना प्रविधि अधिकृत(ITOfficer) १ जना करारमा नियुक्ति गर्नुपर्ने भएकोले इच्छुक उम्मेदवारले यस उपमहानगरपालिकाको कार्यालयमा रितपूर्वक दरखास्त दिनुहुन यो सुचना प्रकाशन गरिएको छ।

**१.आवेदन दिने अन्तिम मिति :** २०७४।०९।२१ गते कार्यालय समयमा

**२.शैक्षिक योग्यता :** लोक सेवा आयोगले लिने **"कम्प्युटर अधिकृत"** पदको न्युनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट COMPUTER वा Informftion and communiction Technologies वा सो सरहको विषयहरू मध्ये कुनै एक विषय लिई स्नातक( BIT,BBIS,BCA,BCIS,BEIT,BSc.IT, BSc.CSIT) को उपाधि हासिल गरेको।

**३.सुचना प्रविधि अधिकृतको कार्य शर्तको विवरण(TOR) :** २०७४।०३।२८ गतेको स्वीकृत सचिव स्तरिय निर्णयमा उल्लेख भए बमोजिम।

**४.संलग्न गर्नुपर्ने कागजातहरू:** व्यक्तिगत विवरण(Bio–Data),नागरिकताको प्रमाणपत्र,शैक्षिक योग्यताको प्रमाणपत्रहरू,अनुभवका प्रमाणपत्रहरू नियमानुसार प्रमाणित प्रतिलिपी।

**५.आवेदन दिने तरिका :** बुंदा नं.४ मा उल्लेख भएका कागजातहरू एवं बुंदा नं. ६ मा तोकीएको शुल्क ने.बै.लि,हेटौडा,मकवानपुर स्थित यस कार्यालयको नाममा रहेको खाता नं.०२५०३०००००००४००१००४ मा जम्म गरी भौचर संलग्न राखी हुलाक,ईमेल वा स्वयम् उपस्थित भई आवेदन दिन सकिने।

**६.आवेदनशुल्क :** रू.१०००|(एक हजार रूपैयां मात्र)पछि फिर्ता नहुने

**७.तलब स्केल** : स्थानीयशासन तथा सामुदायिक विकास कार्यक्रा(LGCDP) ले तोके बमोजिम।

**८.करार अवधि** : २०७५ असार मसान्तसम्म

**९.थप जानकारीको लागि सम्पर्क नं. र इमेल ठेगाना** : ०५७५२५८३९,info@hetaudamun.gov.np

**१०.सुचनामा उल्लेख भएबाहेकका अन्य कुराहरू उम्मेदवार छनौट तथा सिफारीस समितिले निर्धारण गरे बमोजिम हुनेछ।**

**११.यस सम्बन्धी स्वीकृत TOR र सुचना कार्यालयको Website Hetaudamun.gov.np मा राखिएको छ साथै प्रक्रिया सम्बन्धी जानकारीको लागि यस http://www.mofald.gov.np/ne/ito लिंक मा हेर्नुहुन।**

**हेटौडा उपमहानगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**हेटौडा, मकवानपुर।**